प्रस्तावना: आर्थिक वर्ष २०७२/०७३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७२/०७३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७२/०७३ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.७,३४,४२,१२,२६,०००।- (अक्षरेपी सात खर्ब चौतिस अर्ब त्रिचालिस करोड बाह्र लाख छब्बीस हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७२/०७३ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।







(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम अनुदान संख्या १०१ देखि ६०२ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. स्थानीय निकायलाई दिइने निःशर्त अनुदान सम्बन्धी व्यवस्था: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ । यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

## अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम

सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ६४१४ | 0 | ६४१४ |
| २ | १०२ | उपराष्ट्रपति | ५८१४ | 0 | ५८१४ |
| ३ | २०२ | संविधानसभा /व्यवस्थापिका - संसद | १३४४६ | 0 | १३४४६ |
| ४ | २०४ | अदालत | ४१७८४ | 0 | ४१७८४ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९६४० | 0 | ९६४० |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २३६१ | 0 | २३६१ |
| ७ | २१० | लोक सेवा आयोग | ८२१३ | 0 | ८२१३ |
| ८ | २१२ | निर्वाचन आयोग | ५४६२ | 0 | ५४६२ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ४९१६ | 0 | ४९१६ |
| १० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | १६२३३७२१ | ४११०३३८० | ५७३३७१०१ |
| ११ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ४३९२७८८ | १८३५५८२७ | २२७४८६१५ |
| १२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ८१६३६२ | ४००७५३० | ४८२३८९२ |
| १३ | ६०२ | अर्थ मन्त्रालय - विविध | ३०००० | 0 | ३०००० |
| | | जम्मा | २१५७०९२१ | ६३४६६७३७ | ८५०३७६५८ |





## अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ७२५९७ | २३५४०० | | ३०७९९७ |
| २ | १०२ | उपराष्ट्रपति | २३५४९ | १३६० | | २४९०९ |
| ३ | २०२ | संविधानसभा /व्यवस्थापिका - संसद | १३०१९७७ | १२९१० | | १३१४८८७ |
| ४ | २०४ | अदालत | ३००३०४६ | ९४४७३४ | | ३९४७७८० |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७३००५३ | २६२४८६ | | ९९२५३९ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ४२६०७१ | २६५५३० | | ६९१६०१ |
| ७ | २१० | लोक सेवा आयोग | ४१६१७७ | ५७५०० | | ४७३६७७ |
| ८ | २१२ | निर्वाचन आयोग | ५०१६३१ | ७०००० | | ५७१६३१ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ११४५२४ | २७२० | | ११७२४४ |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | ४७४०५८ | १७०००० | | ६४४०५८ |
| ११ | २१८ | न्याय परिषद् | ५८०३९ | ९२५ | | ५८९६४ |
| १२ | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४२३६१७३ | ९६५५०९ | | ५२०१६८२ |
| १३ | ३०५ | अर्थ मन्त्रालय | ७८२९४४८ | २२४६२२५ | | १००७५६७३ |
| १४ | ३०७ | उद्योग मन्त्रालय | २७११२८४ | २२२२७२६ | | ४९३४०१० |
| १५ | ३०८ | उर्जा मन्त्रालय | ९२७८५० | ५५९९२२६ | | ६५२७०७६ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १६ | ३११ | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | १३८५५९ | ४६८१ | | १४३२४० |
| १७ | ३१२ | कृषि विकास मन्त्रालय | २४०२३३०९ | २६५९२७१ | | २६६८२५८० |
| १८ | ३१४ | गृह मन्त्रालय | ३६५५७३१९ | ५२५६३२० | | ४१८१३६३९ |
| १९ | ३२५ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३१९४५९७ | १३२९९६१ | | ४५२४५५८ |
| २० | ३२६ | परराष्ट्र मन्त्रालय | २९९०१२६ | २२८८५५२ | | ५२७८६७८ |
| २१ | ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | ६७२०२७५ | ६५४२०२८ | | १३२६२३०३ |
| २२ | ३३० | बाणिज्य तथा आपूर्ति मन्त्रालय | १०५४३६५ | १३१०१०७ | | २३६४४७२ |
| २३ | ३३१ | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | ७४६६५८६ | १०८४६६६ | | ८५५१२५२ |
| २४ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३२००८१९ | १०५६८६२ | | ४२५७६८१ |
| २५ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६३६००११ | ४२०२१८२४ | | ४८३८१८३५ |
| २६ | ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | १९९३४४० | १४५०४९ | | २१३८४८९ |
| २७ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १८५१३६४ | २५०६ | | १८५३८७० |
| २८ | ३४५ | रक्षा मन्त्रालय | २९६५१९८५ | ३०९९१२० | | ३२७५११०५ |
| २९ | ३४७ | शहरी विकास मन्त्रालय | ६३१०५५० | १८६१०४७४ | | २४९२१०२४ |
| ३० | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १५६७१७२ | १८६७५३९ | | ३४३४७११ |
| ३१ | ३५० | शिक्षा मन्त्रालय | ९८४७४००८ | १६८८१८ | | ९८६४२८२६ |





| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| ३२ | ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १२५७३२९ | ९८७८७ | | १३५६११६ |
| ३३ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | ७७१३७१ | ३८६०५ | | ८०९९७६ |
| ३४ | ३५७ | सिंचाइ मन्त्रालय | १४४०४६२ | १८७८४६७५ | | २०२२५१३७ |
| ३५ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ३६४०२३७ | ५७७३२८ | | ४२१७५६५ |
| ३६ | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ५३४६९१२९ | २३७७०१७९ | | ७७२३९३०८ |
| ३७ | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३३४९५३६० | ३२३४१४४ | | ३६७२९५०४ |
| ३८ | ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ९०१२६० | १९६३९४ | | १०९७६५४ |
| ३९ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | ८१०९६७ | ६२१०१ | | ८७३०६८ |
| ४० | ५०१ | अर्थ मन्त्रालय-वित्तीय व्यवस्था | | | ६२८५८५३० | ६२८५८५३० |
| ४१ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ४८०००००० | | | ४८०००००० |
| ४२ | ६०२ | अर्थ मन्त्रालय - विविध | ६४५२८३७७ | ६१६१०००० | | १२६१३८३७७ |
| | | जम्मा | ४६२६९५४५४ | २०८८७७२४२ | ६२८५८५३० | ७३४४३१२२६ |

प्रमाणीकरण मिति : २०७२/६/१४

आज्ञाले,

भेषराज शर्मा

नेपाल सरकारको सचिव